**सभाध्यक्ष , उपाध्यक्ष एवं सदस्य महानुभावहरु उपस्थित सम्पूर्ण महानुभावहरु**

१ कोरोना भाईरस ( कोभिड-१९) रोगको संक्रमणबाट सिर्जित प्रतिकुल अवस्थामा यस सम्मानित गाउँसभामा आर्थिक वर्ष २०७७/७८ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

२ .आ.ब.२०७७/०७८ को बजेट सँगै रोहिणी गाउँपालिकाको लागि आय ब्यय विवरण सहितको आर्थिक विधेयक२०७७ ,विनियोजन विधेयक २०७७ सभाबाट स्वीकृतिको लागि प्रस्तुत गरेको छु ।

३. स्थानीय तह सम्म अधिकार पुर्याउने गरी विभिन्न समयमा संघर्ष गर्दै लोकतान्त्रिक गणतन्त्र एवं स्वतन्त्रताको लागि विभिन्न आन्दोलनका क्रममा जीवन आहुति दिनुहुने शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली ब्यक्त गर्दछु ।

४ कोभिड १९ को कारणले गर्नुपरेको बन्दाबन्दी , सामाजिक दुरि कायम गर्नुपर्ने बाध्यता लगायतको प्रतिकुल अवस्थामा कोरोना भाइरस नियन्त्रण र उपचारमा साथ दिनुभएकोमा रोहिणी गाउँको तर्फबाट सम्पूर्ण महानुभावहरुलाई उच्च प्रशंशा गर्दछु । साथै रोकथाम र नियन्त्रणमा अग्रपङ्तिमा खट्नुहुने चिकित्सक, स्वास्थ्यकर्मी, तथा ब्यवस्थापन कार्यमा संलग्न सबै कर्मचारी ,सुरक्षाकर्मी तथा जनप्रतिनिधि एवम् राजनैतीक दल ,समाजसेवी ब्यक्तित्वहरू प्रति हार्दिक धन्यबाद ब्यक्त गर्दछु ।

५ कोभिड १९ को कारण वश्वकै अर्थतन्त्र जोखिम अवस्थामा चलिरहेको बेला हाम्रो अथतन्त्र पनि गम्भिर रुपमा प्र भावित भएको छ । बन्दाबन्दीले उत्पादनको क्षेत्र , रोजगारीको क्षेत्र,व्यापार व्यवसाथको क्षेत्र लगायत सबै क्षेत्र प्र भावित भएका छन । यसबाट सानाठूला सबैको रोजगारी गुमेको अवस्था छ । वैदेशिक रोजगारीमा गएकाहरु पनि घर फर्केको अवस्थथा छ । यस्तो विषम परिस्थितिमा गाउँपालिकाले उनीहरुको उचित व्यवस्थापन गर्नुपर्ने दायित्व थपिएको छ । राज्यको अम्दानी घटेसँगै गाउँपालिकालाई प्राप्त हुने अनुदानमा पनि कमी आएको , गाउँपालिकाको आन्तिरिक

आम्दानी समेत घटेको विषम परिस्थितिमा जनताका चाहानाहरु पूरा गर्नेगरि बजेट व्यवस्थापन गर्न चुनौति पूर्ण भएको छ ।

६.यस महामारी रोकथाम, नियन्त्रण र उपचारका लागी यस गाउँपालिकाले विपद व्यवस्थापन कोष स्थापना गरी संचालनमा रहेको ब्यहोरा जानकारी गराउँदछु । कोषको रकम राहात वितरण,क्वारेन्टाइन ब्यवस्थापन,स्वास्थ्य सुरक्षा सामाग्री खरिद जस्ता विपद संग सम्वन्धित कार्यमा खर्च गरिएको ब्यहोरा सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।उक्त कोषमा योगदान पुर्याउनु हुने सबै दानवीर महानुभभावहरुमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

७.राज्यको पुनः संरचना पश्चात नेपालको संविधान, २०७२ अनुसार गठित जनताले देख्न र अनुभुति गर्न सक्ने स्थानीय सरकारको रूपमा हामी निर्वाचित भएपछि दु ई आर्थिक बर्षको बार्षिक बजेट कार्यान्वयन भै तेस्रो बर्षको बजेट तथा योजना कार्यान्वयनको चरणमा रहेको र जनताले विकास र उन्नतिको महशुस गरिरहेको अवस्थामा कोरोना भाइरस (कोभिड-१९)जस्तो महामारीबाट प्रभावित हुन विवश भएको अबस्थामा सावधानी पूर्वक हामी सबै सकृयरूपमा अहोरात्र खटेर लागेको कारण स्थानीय सरकार सक्षम रहेको प्रमाणित भएको र स्थानीय सरकारको महत्व र गरिमा अझ बढेको छ ।रोहिणी गाउँपालिकाका जनप्रतिनिधि,कर्मचारी सामाजिक ब्यक्तित्वहरू लगायतलाई जनताले अभिभावकको रुपमा विश्वास गर्ने वातावरण बनेको छ ।

८.अबको हाम्रो शत्रु भनेकै भोक,रोग,गरिवी,पछ्यौटेपन अशिक्षा,अन्धविश्वास नै हो । त्यसलाई चिर्दै समुन्नत र समृद्ध रोहिणीगाउँपालिका बनाउन हामी जन निर्वाचित प्रतिनिधिहरू सक्षम हुनेछौ किनकी हामीले जनताको सेवा गर्ने अवसर पाएका छौ ।अतः एकताका साथ अगाडि बढ्दै हाम्रो रोहिणी राम्रो रोहिणी निर्माणमा जुट्नु आजको आवश्यक्ता हो ।

९.बार्षिक बजेट रोहिणी गाउँपालिकाले अबलम्वन गरेको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने महत्वपूर्ण औजार हो ।

१०.जनचाहाना छिटो र एकैपटक धेरै विकास भैदि ओस् भन्ने हुन्छ ।तर साधन,स्रोतको सिमितताले असिमित आवश्यक्ता एकैपटक पुरा गर्न स म्भव हुदैन तसर्थ योजनाहरूको प्राथमिकिकरण गर्दै एकिकृत योजना अनुसरण गरि सबै बर्ग ,क्षेत्र समेट्ने गरी सन्तुलित विकास गर्दै जाने गरी बजेट तर्जुमा गरिएको छ ।

११. विकास का लागि प्रचुर संभावना भएको यस रोहिणी गाउँपालिकामा विकासको संवाहकको प्रमुख स्रोत उर्वर भूमि र उर्जाशिल नागरिक नै हुन । यहां चुनौतिहरु पनि धेरै छन् । चुनौतिलाइ अवसरमा बदल्दै अगाडि बढेर मात्र लक्ष्यमा पुग्न सकिने हुदा चुनौतिहरुलाइ सामना गर्नु नै हामी सबै जनप्रतिनिधिहरुको कर्तब्य हो ।

**रोहिणी गाउँपालिकाका चुनौति तथा समस्याहरु**

- शिक्षा,स्वास्थ्य,पेशा ब्यवसाय तथा बेरोजगारी समस्या ।
- फोहरमैला ब्यवस्थापनको सम्स्या ।
- गुणस्तरीय पूर्वाधार विकास गर्ने समस्या ।
- सार्वजनिक सम्पत्ति संरक्षण गर्ने समस्या ।
- सिमित साधन स्रोतबाट जनताका अपेक्षा तथा आवश्यकता पुरा गर्नु पर्ने ।
- रोहिणी नदीबाट कटान डुवानले आई पर्ने समस्या ।

**रोहिणी गाउपालिकाका सम्भावना तथा अवसरहरु**

- शिक्षा र स्वास्थ्य क्षेत्रको विकास गरी चेतना बृद्धि तथा रोजगारीका अवसर बढाउन सकिने ।
- समाजको सहभागिता र सकृयतामा फोहर मैलाको समुचित व्यवस्थापन गरी पूर्ण सरसफाइ युक्त गाउँपालिका बनाउन सकिने ।

- मापदण्ड बनाइ प्रभावककारी अनुगमन तथा जनताको सार्थक सहभागिताबाट दिगो भरपर्दो र गुणस्तरीय विकास गर्न सकिने ।
- जनप्रतिनिधिहरुको सकृयता र जनताको सार्थक सहभागितामा सार्वजनिक सम्पत्ति संरक्षण गरी सदुपयोग गर्न सकिने ।
- करका दायरा फराकिलो बनाउदै दरलाइ समसामयिक बनाएर आन्तरिक आय बृद्धि गरी क्रमश आत्म निर्भर तर्फ जान सकिने ।
- रोहिणी नदीको तटबन्ध गरी दायाँ वायाँ बृक्षारोपण गरीसुन्दरिकरण गरी आकर्षक बनाउने र यी नदीहरुबाट सिचाइ सुविधा लिइउत्पादन बढाएर ब्यवसायिकरण र बजारीकरण गरी आयआर्जन बढाउन सकिने ।

१२. हाम्रो रोहिणी राम्रो रोहिणी भन्ने मुल नाराका साथ रोहिणी गाउँपालिकाको बजेटमा दीर्घकालिन सोच सहित निम्न उद्देश्यहरू रहेकाछन् ।

- दीर्घकालिन सोचः

कृषि, पूर्वाधार विकास , शिक्षा, स्वास्थ्य संस्कृति र सभ्यता ।सुखी जनता र समृद्धरोहिणीको प्रतिवद्धता।

उदेश्यहरू

- कोभिड-१९ बाट बच्ने र बचाउने गरी विभिन्न कार्यक्रमहरु गर्ने।
- ब्यवसायिक कृषि पेशा अबलम्वन गर्दै रोजगारी श्रृजना सहित नागरिकलाइ आत्म निर्भर तर्फ उन्मुख बनाउने तथा साना किसानहरुलाई प्रबर्धन गर्ने ।
- गुणस्तरीय शिक्षामा जोड दिने,स्वास्थ्य सेवालाई प्रभावकारी बनाउदै लैजाने ।
- भौतिक पूर्वाधार विकासमा प्राथमिकता दिदै गुणस्तीय विकास निर्माणमा जो ड दिने । सडक यातायातलाइ प्राथमिकताका आधारमा स्तर उन्नती (पक्की) गरिदै लैजाने ।
- खेलकुदको विकासमा जोड दिने ।

- विपत ब्यवस्थापनलाइ प्रभावकारी बनाउने साथै वातावरण संरक्षण र स्वच्छ खानेपानी ,सरसफाइलाई प्रभावकारी बनाउने ।
- जेष्ठ नागरिक सम्मान साथै लक्षित बर्गको सशक्तिकरणमा जोड दिने ।
- संस्थागत विकास र सुशासन प्रबर्द्धन गर्ने ।
- समाबेशी र सन्तुलित विकास प्रबर्द्धन गर्ने ।
- राजस्वका दायराहरू फराकिलो बनाउने ।

१३. कृषिलाइ आर्थिक समृद्धीको मेरूदण्ड मान्दै **"ब्यवसायिक कृषि पेशा अबलम्वन गरौं आत्म निर्भर बनौ** "भन्ने उद्देश्यका साथ कृ षिलाई ब्यवसायिकरण तथा बजारीकरण गर्न अभिप्रेरित गर्ने गरी बजेट ब्यवस्था गरिएको छ । यसबाट किषमा ब्यवसायिकता बढ्ने र साना किसानको समेत जीवन स्तर उकास्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

१४ धान र गहुँको बिऊ किसानलाई सहज रुपमा पुर्याउन ५० % अनुदान दिन बजेट बिजियोनज गरिएको छ ।

१५ कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशीताको प्रवर्द्धन गर्नन मल, बिउ, कीटनाशक औषधीको उपलब्धता , बस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यवस्थामा सहजीकरण गर्न र सिचाई सुविधा प्रवर्धन गर्न बजेट व्यवस्था गरिएको छ ।

१६ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम प्भावकारी रुपमा सचालन गर्न सघीय सरकारबा ट प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाईने छ । र गाउँपालिकाबाट का र्यक्रममा प्रभावकारिता ल्याउन थप बजेट व्यवस्था गरिएको छ ।

१७ सघीय तथा प्रदेश सरकारको समेत नीति अनुसार स्थानिय तह भित्र रहेको बाझो जग्गाहरुको एकिकृत तथ्याङ्क सकलन गरी सोको पुर्ण उपयोगको व्यवस्था मिलाउन भूमि बैकको अवधारण कार्यान्वयन गर्न सहजीकरण गरिने छ ।

१८ स्थानिय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको बजारीकरण सुनिश्चित हुने व्यवस्था गर्न बजेट व्यवस्था गरिएको छ ।

१९ विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण सेवा, व्यवसाय, उद्योग, कृषि लगायतका क्षेत्रका रोजगार दातासँग समन्वय गरी रोजगारी प्रदान गर्न गाउँपालिकाले समन्वयकारी ब्यवस्था गर्ने साथै उनीहरुको रुची अनुसार ब्यवसाय गर्न गाउँपालिकाबाट अनुदान उपलब्ध गराउने गरी बजेट ब्यवस्था गरिएको छ ।

२० अर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधीको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनाहरु छनौटमा प्राथमिकता दिइन् छ । प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगार से वा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई रोजगारीको सिर्जना गराउन कार्यक्रम मार्फत नयाँ लघु उद्यमी सृजना गर्न संघीय सरकारको सहयोगमा बजेट व्यवस्था भएको छ ।

२१ युवाहरुलाई राष्ट्र निर्माणमा सरिक गराउन रोजगारमूलक तथा उद्यमशिल तालिम उपलब्ध गराउन बजेट ब्यवस्था गरिएको छ ।

२२ गाउँपालिका भित्र रहेका एलानी , पर्ती, सार्वजनिक जग्गा सार्वजनिक पोखरी , कुलो जस्ता सार्वजनिक महत्वका सम्पत्तिको नक्साङ्क र सिमाङ्कन गरी संरक्षण गर्न कार्यक्रम र बजेट ब्यवस्था गरिएको छ ।

२३ व्यवसायिक पशुपालक कृषकलाई उत्पादन बढाउनको लागि यान्त्रिकरण मसिनरी औजार लगायतका समान ५०% अनुदानमा उपलब्ध गराउन बजेट ब्यवस्था गरिएको छ ।

२४ दीर्घकालीन कृषि योजनाले अवलम्वन गरेका नितिहरुका आधारमा खाद्यान्य वाली , नगदे बाली, तेलहन वाली, दलहन वाली तथा च्याउ खेती , व्यवसायिक तरकारी खेती , माछापालन, कुखुरापालन तथा पशुपालनको लागि नश्ल सुधार तथा धान र गहुँ वालीको पकेट क्ष्त्रको रुपमा विकास गर्न संघीय र प्रदेश सरकारको समेत सहयोगमा गाउँपालिकाले प्राथमिकता दिने नीति रहेको र गाउँपालिकाले त्यस्ता कार्यलाई प्राथमिकता दि दै जाने गरी विभिन्न कार्यक्रम मार्फत बजेट व्यवस्था गरिएको छ ।

२५ एक गाउँ एक उत्पादन कार्यक्रमलाई प्रोत्साहन हुने किसिमका कृषि गतिविधि सचालन गर्ने नीति अवलम्बन गरिने छ ।

२६ कृषक समेतको साझेदारीमा सघ, प्रदेश समेतको सहयोगमा तरकारी तथा फलफुलको संरक्षणको लागि सितभण्डारको निर्माणको लागि पहलकदम चालिने छ ।

२७ कृषि विकास र उत्पादन वृद्धिका लागि सिंचाई सुविधा अभिवृद्धि हुनने सबै सम्भावित कार्यमा गाउँपालिकाले सहयोग नीति अनुरुप सिचाई सुविधा पुर्याउन बजेट व्यवस्था गरिएको छ ।

२८ माछा पालन व्यवसायको माध्यमबाट आयआर्जन वृद्धि तथा रोजगारीमा वृद्धि गर्नका लागि माछा पालनको क्षेत्र विस्तार गर्न अभिप्रेरित गराई नयाँ पोरखी निर्माणमा अनुदान तथा पुराना पोखरी भएका कृषकहरुलाई भुरा तथा उत्पादनमा अनुदान दिने नीति अनुसार अनुदान उपलब्ध गराउन बजेट व्यवस्था गरिएको छ ।

२९ सहकारीका सात सिद्धान्तको अनुसरण गर्दै सहकारी संघ संस्थालाई प्रोत्साहन हुने किसिमका कार्यहरु संचालन गरी स्वरोजगारलाई प्रबर्दन गरिने छ ।

३० यस गाउँपालिका क्षेत्रमा उद्योग , व्यवसाय र व्यापार संचालनमा गाउँपालिकाले सहयोगी र समन्वयकारी भूमिका निभाउने छ । रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई निजी क्षेत्रबाट समेत रोजगारीको अवसर दिनु पर्ने छ । गाउँपालिकाको मान्यता र नीति अनुसार गाउँपालिका भित्रका बेरोजगार युवाहरु यस पालिकामा संचालित उद्योगहरुबाट रोजगारीको अवसर पाउने विश्वास गरिएको छ ।

३१ उन्नत जातका पशुपालन तथा व्यवसायिक पशुपालन सम्बनधी का र्यक्रमहरु गर्न कृषकहरुलाई प्रोत्साहन तथा सहयोग गरिने छ ।

३२ राज्यको नीति अननुसरण गर्दै कृषि वाली विमा तथा पशु विमाका कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडी बढाइने छ ।

३३ सघीय तथा प्रदेश कानुन बमोजिम स्थानीय तहमा गरीव , विपन्न ,भूमिहिन र सुकुमवासीहरुको पहिचान र अभिल्खीकरण गरी जग्गा व्यव्थापनको लागि सहजीकरण गर्ने तथा स्थानीय रोजगारीका अवसर सृजना गर्ने कार्यक्रम संचालन गरिने छ ।

३४ योजना तथा कार्यक्रम तर्जुमा गर्दा स्थानिय कच्चा पदार्थ , सीप र प्रविधीको प्रयोग हुने तथा रोजगारी सिर्जना गर्न अयोजना छनोटमा प्राथमिकता दिईएको छ यसबाट स्थानीयहरुको आयआर्जन बढ्ने छ ।

अर्थिक विकासको क्षेत्रमा गाउँपालिका स्तरीय र वडा स्तरीय योजना तथा कार्यक्रम गरी रु ३,०१,१५,०० (तिन करो ड, एक लाख , पन्द्र हजार ) विनियोजन गरीएको छ । त्यसबाहेक संघीय सरकार र प्रदेश सरकारका योजना तथा कार्यक्रमहरु समेत थप हुने हुदा धेरै जनता लाभान्वित हुने विश्वास गरिएको छ । बजेट तथा योजना र कार्यक्रमको विस्तृत विवरण अनुसूचीमा राखिएको छ ।

**सामाजिक क्षेत्रसँग सम्बन्धी बजेट तथा कर्यक्रमहरु**

**३५** कोरोनाको संक्रमणमा प्रभावित  विपन्न परिवारका सदस्यहरुलाई कामको ब्यवस्था मिलाईने छ ।

३६ कोभिड – १९ मा  स्थाननिय तहमा खटिने स्वास्थ्यकर्मी तथा जनसक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्री -  मास्क ,पञ्जा ,सेनिटाईजर, (पिपिई) हरुको अभाव नहुने गरी निर्धक्क सँग सेवा प्रवाहमा लाग्ने वातावरण स्थापित गरिने छ । स्वास्थ्य कर्मीहरुलाई उच्च मनोबलका साथ उत्प्रेरित भई काम गर्ने व्यवस्था का लागि बज्ट व्यवस्था गरिएको छ ।

३७ नेपाल सरकारको नीति अनुसार अत्यावश्क स्वास्थ्य सेवाको पहुँच एवं गुणस्तरीय सेवा प्रवाहका लागि स्वास्थ्य से वा पूर्वाधार विकास र निःशुल्क औषधी वितरण प्रणालीलाई थप व्यवस्थित गर्दै लागिने छ । अत्यावस्यक औषधीको व्यवस्थापनका लागि बजे  ट ब्यवस्था गरिएको छ ।

३८ कोभिड संक्रमणको सम्भावित जोखिममा रहेका नागरीकहरुलाई नेपाल सरकारले तोके बमोजिम क्वार्न्टाइनमा राख्ने व्यवस्थालाई निरन्तरता दिईने छ । घरमै सुरक्षित साथ सेल्फ क्वारेन्टाईनमा बस्न अभिप्ररित गरिने छ । यसका लागि गाउँपालिकाबाट आवश्यक सहयोग गर्ने व्यवस्था मिलाईएको छ ।

३९ कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागी क्षमता विकाश तथा जनचेतनामुलक कार्यक्रम संचालन गर्न बजेट व्यवस्था गरिएको छ ।

४० गाउँपालिकाले आफ्नै एम्बुलेन्स सेवा संचालन गर्ने गरी एम्बुलेन्स खरिद तथा संचालन गर्नको लागि बजेट ब्यवस्था गरिएको छ ।

४१ अस्पताल स्वास्थ्य चौकि तथा स्वास्थ्य एकाईबाट प्रदान गरिने खोप सेवा   , सुरक्षित मातृत्व तथा प्रजननन स्वास्थ्य , पोषाण लगायतका जनस्वास्थ्य से  वाहरु र उपचारात्मक

सेवाहरुको लागि अवश्यक औषधि उपकरण तथा स्वास्थ्य सामाग्रीको अभाव हुन नदिने गरी उचित व्यवस्थापन गरिएको छ ।

४२ खोप, सुरक्षित मातृत्व , प्रजनन स्वास्थ्य , पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभुत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकालाई उत्प्रेरित गराई उचित रुपमा परिचालन गर्ने गरी मासिकरुपमा यातायात खर्च उपलब्ध गराउने ब्यवस्थालाई निरन्तरता दिइएको छ ।

४३ प्रजनन स्वास्थ्यमा पहुँच अभिवृद्धि गर्न प्रसुती गृह निर्माण र संचालनलाई ब्यवस्थित र प्रभावकारी बनाईन् छ । आमा र शिशुको स्वास्थ्यलाई ध्यान राखि बर्थिङ्ग सेन्टर तथा अस्पतालमा सुरक्षित सुत्केरी गराउन प्रोत्साहन गर्ने र बर्थिङ्ग सेन्टर तथा अस्पतालमा प्रसुती गराएका रोहिणी गाउँपालिका भित्र स्थायी बसोबास भएका सुत्केरी महिलालाई **उपाध्यक्ष सुत्केरी प्रोत्साहनन कर्यक्रम** संचालन गरी पोषण सामाग्री उपलब्ध गराउन बज ट ब्यवस्था गरिएको छ ।

४४. सामाजिक दुरी कायम गरी विद्यालय संचालन गर्न नेपाल सरकारबाट निर्णय भएको अवस्थामा स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गरी पठनपाठनलाई नियमित गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाईको प्रवन्ध गर्न गाउँपालिकाले सहयोग र सहजिकरण गर्ने व्यवस्था मिलाउने छ ।

४५ **"गुणस्रतरिय शिक्षा रोहिणीको प्रतिबद्धता"** भन्ने मुल धेय सहित सबै बालबालिकालाई विद्यालयमा **अनिवार्य पठाउँ,सिकाउँ र टीकाउँ** भन्ने अभियान सहित सामुदायिक, धार्मिक विद्यालयहरूमा भौतिक पुर्वाधार विकास संगै गुणस्तरीयता अभिबृद्धी गर्न विभन्न कार्यक्रमको ब्यवस्था गिरएको छ ।

४६ अपाङ्गताको प्रकृति अनुरुप आय अर्जनको लागि तालिम तथा सूविधाजनक समाग्री वितरणको व्यवस्था मिलाउन बजेट विनियोजनन गरिएको छ ।

४७ हाम्रो रोहिणी सुन्दर र सफा रोहिणी भन्नने स्लोगनका साथ सरसफाईलाई सभ्यता र स्वास्थ्यको दृष्टिकोणबाट हेर्न  जनमानसलाई सचेत नीति अनुरुप विपन्नन वर्गका सौचालय भनएकालाई सौचालय निर्माणमा सहयोग पुर्याउनन बजेट ब्यवस्था गरिएको छ ।

४८ धार्मिक विद्यालयहरु मदरसाको भौतिक र शैक्षिक विकासमा टेवा पुर्याईने नीति अनुरुप बजेट ब्यवस्था गरिएको छ ।

४९ सामुदायिक तथा धार्मिक विद्यालयहरुमा खानेपानी , सरसफाई एवं  बाल तथा छात्रा मैत्री शौचालय निर्माण कार्यको लागि विशेष प्राथमिकता साथ कार्यक्रम सञ्चालन गरिने छ । छात्राहरुलाई नियमित विद्यालय आउने वातावरण श्रृजना गरिने छ र सं घीय सरकारको सहयोगमा सामुदायिक विद्यालयमा अध्ययनरत किसोरीहरुलाई सेनिटरी प्याड निःशुल्क र भरपर्दो तरीकाबाट उपलब्ध गराइने नीति अनुरुप बजेट ब्यवस्था गरिएको छ ।

५० संघीय सरकार र प्रदेशको सहयोगमा क्रमशः सबै मा  .वि. विज्ञान  भवन र ल्यावको उचित ब्यवस्था गरिने नीति अनुरुप गाउँपालिकाले समपुरक बजेट ब्यवस्था गरेको छ ।

५१ विद्युतिकरण नभएका विद्यालयहरुमा विद्युत ब्यवस्थापन गरिने छ ।

५२ सामुदायिक तथा धार्मिक सार्वजनिक विद्यालयहरुको मर्मत सुधार, भौतिक विकास तथा फर्निचर निर्माण सम्बन्धी कार्यक्रममा सहयोग पुर्याउने ब्यवस्था मिलाईएको छ ।

५३ जिल्ला खेलकुद विकास समिति एवम् खेलकूद विकाससंग सम्बन्धित संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरी खेलकूद विकासका लागि खेलकूद कार्यक्रम सञ्चालन, खेल मैदान निर्माण, सामाग्री वितरण एवं राष्ट्रिय तथा क्षेत्रीय स्तरमा संचालित प्रतियोगितामा सहभागी हुने खेलाडीहरुलाई प्रोत्साहन   गर्ने  नीति अनुसार विभिन्न कार्यक्रमहरुको लागि बजेट ब्यवस्था गरिएको छ ।

५४ संघीय र प्रदेश सरकारको सहयोगमा रोहिणी २ को बैरिहवामा बहुउद्देशीय खेल ग्रामको विकास गरिने छ । प्रत्येक व डाहरुमा क्रमशः खेल मैदान निर्माण गरिने छ । त्यसको लागि समपुरक कोषमा बजेट ब्यवस्था गरिएको छ ।

५५ बैकहरु संगको समन्वय र सहकार्यमा सामाजिक सुरक्षा भत्तालाई बैंक मार्फत अझ सरल र छिटो तरिकाले भुक्तनी गर्ने ब्यवस्था मिलाइने छ ।

५६ छुवाछुत मुक्त समाज निर्माण र जातीय विभे द मुक्तिका लागि जनचे तना र पहुँच अभिवृद्धि कार्यतक्रम संचालन गरिने छ ।

५७ महिला विरु४ हुने सवै प्रकारका हिंसा , विभेद मुक्तिका लागि जनचेतना र पहुँच अभिवृद्धि कार्यक्रम संचालन गरिने छ ।

५७ महिला विरुद्ध हुने सबै प्रकारका हिंसा , विभेद र वहिष्करण अन्त्यका लागि लैंगिक समानता तथा महिला सशक्तिकरणमा सहयोग पुग्ने कार्यक्रम संचालन गरिने छ ।

५८ समाजमा व्याप्त लैंगिक भे दभाव न्युनिकरण एवम् महिला सशक्तिकरणलाई सम्बोधन गर्ने किसिमका लैंगिक सचेतना एवम् कानुनी सचेतना सम्वन्धी कार्यक्रम संचालन गरिने छ ।

५९ सवै वडा तथा टोलहरुलाई बालमैत्री घोषणा गर्दै वालमैत्री गाउँपालिका घोषणा गर्न आवस्यक वातावरण सृजना गर्न तर्फ अगाडी बढाइने छ ।

६० युवाहरुमा उलमशीलता , सृजनशीलता एवम् सकारात्मक सोचको विकास गर्ने अभिप्रायका साथ सोही अनुरुपका सीप र क्षमता अभिवृ द्धि गर्ने कार्यक्रमहरु संचालन गर्दै लागिने छ ।

६१ जेष्ठ नागरिकहरुको आधारभुत अधिकारको संरक्षण गर्दै उनीहरुको लागि सम्मान जनक तथा सन्तुष्टिपूर्वक जीवनयापनका आवश्यक कार्यक्रम कार्यान्वयन गर्ने तर्फ जोड

दिइने छ । जेष्ठ नागरिकलाई माया र सम्मान गर्ने नीति अनुरुप जेष्ठ नागरिक सम्मान कार्यक्रमको लागि बजेट ब्यवस्था गरिएको छ ।

६२ सीमान्तकृत विपन्न तथा अति गरीवहरुका लागगि आय अर्जन सम्बन्धी सीपमुलुक कार्यक्रमको लागि विभिन्न सिपमूलक र आयआर्जन कार्यमा बजेट विनियोजन गरिएको छ ।

६३ दलित वर्गको उत्थान तथा विकास र आय आर्जनका लागगि जोड दिईने छ । त्यसको लागि विभिन्न आयमूलक र सिपमूलक कार्यक्रमहरु संचालन गर्न बजेट ब्यवस्था गरिएको छ ।

६४ मुस्लिम तथा पिछडिएका वर्गको आय आर्जन, सीप विकास जस्ता प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रमहरु संचालन गरी जीववनस्तर उकास्न सहयोग पुर्याउन बजेट विनियोजन गरिएको छ ।

सामाजिक विकासको क्षेत्रमा गाउँपालिका स्तरीय र वडा स्तरीय योजना तथा कार्यक्रम गरी रु ४,६७,४८,०००( चार करोड सतसठ्ठी लाख अठचालिस हजार चार ) विनियोजन गरिएको छ । त्यसबाहेक सं घीय सरकार र प्रदेश सरकारका योजना तथा कार्यक्रमहरु समेत थप हुने हुँदा धेरै जनता लाभान्वित हुने विश्वास गरिएको छ । बजेट तथा योजना र कार्यक्रमको विस्तृत विवरण अनुसूचीमा राखिएको छ ।

## पूर्वाधार विकास सम्बन्धी बजेट तथा कार्यक्रमहरु

**६५** गाउँपालीकाको भवन निर्माणका लागि जिल्ला समन्वयन समिति संग पून अनुरोध गरी जग्गा प्राप्त गरी भवन निर्माण गर्न गाउँपालिकाबाट बजेट विनियोजन गरिएको छ र जिल्ला

समन्वय समितिबाट प्राप्त हुने  अनुदान समेत गाउँपालिका भवन निर्माण र व  डा कार्यालय भवन निर्माणमा लगाईने ब्यवस्था मिलाइएको छ ।

६६ गाउँपालिका क्षेत्र भित्र सडक संजाल निर्माणका लागि सडक गुरुयोजना तयार गरी ब्यवस्थित र योजनाबद्ध तरीकाले स्तरीय सडक संजालको निर्माण गरिने नीति अनुसार सडक गुरुयोजना निर्माणको लागि बजेट विनियोजन गरिएको छ ।

६७ संघीय सरकार र प्रदेश सरकारको साझेदारीमा ठूला योजनाहरु संचालन गर्ने गाउँपालिकाको नीति अनुसार संघीय सरकारबाट समपुरक अनुदानमा प्राप्त बड्की अमुवा – – छोटकी अमुवा –मैनिहवा रोड निमाणका लागि संघीय सरकारबाट प्राप्त रु ८८ लाख रकममा गाउँपालिकाबाट समपुरक रकमबाट ८८ लाख रकम थप गरी रु १ करोड ७६ लाखको सडक कार्यान्वयन गर्न बजेट विनियोजन गरिएको छ । साथै प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदानको लागि गाउँपालिकाबाट समपुरक कोषमा रकम व्यवस्था गरिएको छ ।

६८ घर बार विहिन अति विपन्न पिरवारलाई आवास निर्माणमा सहयोग गर्न बजेट विनियोजन गरिएको छ ।

६९ विद्युत वितरण प्रणालीलाई प्रभावकारी बनाउन विद्युत प्राधधिकरणसंग समनन्वय गरी अवश्यकता अननुसार ट्रानन्सफर्मरको क्षमता बृद्धि  , थप तथा लाईन विस्तार गरी सबै घरहरुमा र वस्तिहरुमा विद्युतीय सेवा ब्यवस्था मिलाईने छ ।

७० बैकल्पिक उर्जाको प्रयोग गर्दै गाउँपालिका क्षेत्रभित्रका बजार क्षेत्रहरुमा सौर्यवत्ती जडान गरी उज्यालो रोहिणी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७१ मर्मत सम्भार कोषको व्यवस्था गरी मौसम तथा अन्य गतिविधीबाट क्षयीकरण हुने पुर्वाधार तथा ग्रामीण सडकहरुको मर्मत संहार गर्ने ब्यवस्था को लागि मर्मत संहार कोषको स्थापना गर्ने ब्यवस्था गरिएको छ ।

७२ राष्ट्रका लागगि खेलकुद र स्वास्थ्यका लागगि खेलकुद भन्ने मान्यता अनुसार युवा केन्द्रित खेलकूद कार्यक्रम संचालन गरिने छ ।

७३ आ व २०७६।७७ मा कार्यन्वयन हुनन नसकेका गाउँपालिका स्तर र वडा स्तरका योजनाहरु यस आ.ब.मा आवश्यकता अनुसार समावेश गर्ने वा नयाँ योजनामा रकम थप गर्नेगरी बजेट विनियोजन गरिएको छ । पूर्ववाधार विकासको क्षेत्रमा गाउँपालिका स्तरीय र वडा स्तरीय योजना तथा कार्यक्रम गरी रु १३,७४,७२,५०० (तेह्र करोड चौहत्तर लाख बहत्तर हजार पाँच सय ) विनियोजन गरिएको छ । त्यसबाहेक संघीय सरकार र प्रदेश सरकारका योजना तथा कार्यक्रमहरु समेत थप हुने हुदा धेरै जनता लाभान्वित हुने विश्वास गरिएको छ । बजेट तथा योजना र कार्यक्रमको विस्तृत विवरण अनुसूचीमा राखिएको छ ।

घ **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**

७४ कोभिड–१९ लगायत अन्य विपदहरुको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी प्रतिकार्य र पुर्नलाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्थापन गरी प्रभावकारी रुपमा विपदको ब्यवस्थापन गर्ने नीति अनुरुप विपद ब्यवस्थापन कोषमा रु १ करोड रकम ब्यवस्था गरिएको छ ।

७५ हरियो रोहिणी कार्यक्रमलाई सुरुवात गर्न आधुनिक नर्सरी स्थापनामा जोड दिई सार्वजनिक जग्गा, एतिहाँसिक स्थलहरु, नदी किनार , नदी उकास , नहर तथा सडक किनारमा वृक्षारोपण कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरिएको छ ।

७६ नदीजन्य पदार्थको उपभोग गर्दा आवश्यकता अनुसार EIA तथा iEE गराई मापदण्डको परिपालना गर्ने गराउने नीति अनुरुप बजेट ब्यवस्था गरिएको छ ।

७७ एक गाउँ एक पोखरी नीति अनुरुपको कार्यक्रमलाई कार्यान्वयन तर्फ जोड दिने । धार्मिक तथा एतिहासिक महत्व बोकेका पोखरीहरुको संरक्षण र संवर्द्धन तथा सुन्दरीकरण गर्ने नीति अनुरुप बजेट विनियोजन गरिएको छ ।

७८ प्रत्येक वडामा १–१ वटा उद्यानको स्थापना गर्ने नीति अनुसारण गर्दै स्वच्छ र हराभरा रोहिणीको कार्यक्रम संचालन गर्ने नीति अनुसार बजेट विनियोजन गरिएको छ ।

७९ वारुण यन्त्र सेवाको ब्यवस्थापन तथा संचालन गर्न छिमेकी न .पा. तथा गा .पा. हरुसंग सहकार्य गर्ने साथै प्रदेश र केन्द्रहरुसंग समन्वय गरी आवश्यक कार्यक्रम अगाडी बढाइने नीति अनुसार बजेट विनियोजन गरिएको छ ।

८० पूर्ण सरसफाईको कार्यक्रम आरम्भ गरी आवश्यक सार्वजनिक स्थानहरुमा समुदायले संचालन र संरक्षणको जिम्मा लिने सुनिश्चितता भएका स्थानहरुमा सार्वजनिक शौचालयको निर्माण गर्ने नीति अनुसार बजेट विनियोजन गरिएको छ ।

८१ कोभिड–१९ को रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारले लागु गरेको लकडाउनका कारण चालु अर्थिक वर्षको आय ठेक्का प्रभावित भएकोले कानून अनुसार उचित निकास निकालिने छ ।

८२ कोभिड–१९ को कारण व्यापार व्यवसाय तथा सेवा क्षेत्रमा पर्न गएको नकारात्मक असरबाट राहात महशुस गराउन व्यवसाय कर , घरबहाल कर लगायतका करका क्षेत्रमा परेको असरको मूल्याङ्न गरी आ .व. २०७६।७७ को तिर्न बाँकी कर , शुल्क तिर्न नसकेको अवस्थामा करदातालाई २०७७ पुस मसान्त सम्म बुझाउन पाउने ब्यवस्था मिलाई जरिवाना नलिने नीति लिईने छ ।

८३ अनुत्पादक खर्चहरु कटौती गर्ने नीती अवलम्बन गरिने छ । खरिद प्रकृयालाई पारदर्शी, प्रतिसपर्धी एवं मितब्ययी बनाईने छ ।

८४ समयमा कर तिरौं गाउँपालिकाको विकासमा सहभागि बनौ भन्ने कुरा सबै करदातालाई बुझाउन करदता शिक्षा , कर सप्ताह जस्ता चेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

८५ प्राकृतिक श्रोत तथा नदीजन्य पदार्थहरुको उचित व्यवस्थापनगरी आन्तरिक राजस्व बढाउन तथा करका दायराहरु बढाई गाउँपालिकाको आय श्रोत बृद्धिका गर्दै लैजाने नीति अनुसरण गरिने छ ।

८६ न्यायिक कार्यलाई ब्यबस्थित विश्वास योग्य , पारदर्शी बनाउदै लगिने छ । मेलमिलापको माध्यमबाट समाजमा सामाजिक सहिष्णुता बढाउने विषयलाई जोड दिइने नीति अनुसार बजेट विनियोजन गरिएको छ ।

८७ सार्वजनिक परीक्षण , सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता कृयाकलापको माध्यमबाट पारदर्शिता अभिवृद्धि गर्दै लगिने छ र सोको लागि बजेट विनियोजन गरिएको छ ।

८८ सरकारी कार्यलाई पारदर्शी बनाउन नियमित रुपमा अडियो नोटिस बोर्ड सेवा , वेवसाईट सेवा सञ्चालन , डिजिटल नागरिक वडापत्र तथा सूचना पाटि सञ्चालन , हाम्रो रोहिणी राम्रो रोहिणी कार्यक्रम सञ्चालन तथा गाउँपालिकाको पाश्र्वचित्र प्रकाशन, लगायतका सूचना सामाग्रीहरुको प्रकाशन तथा वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ । योजना , जिन्सी लगायतको क्रमशः सप्टवेयर मार्फत ब्यवस्थापन गर्ने, आवश्यक स्थानहरुमा सि.सि टि .भि क्यामरा जडान , संचार माध्यमबाट विद्युतीय सिका ई,गाउँपालिका,वडा कार्यालयहरू,विद्यालयहरू,स्वाथ्य संस्थाहरूमा क्रमशः ईन्टरनेट सुविधाको ब्यवस्थापन गर्दै जाने नीति अनुसार बजेट विनियोजन गरिएको छ ।

८९.कार्यालय संचालन खर्चमा औचित्यका आधारमा मितब्ययिता र पारदर्शिता कायम गरिने छ ।

९०.गाउँपालिकाको हरेक वडाको ककाम कार्यहरूला ई विद्युतीय माध्यमबाट संचालन गर्न जोड दिइने छ । प्रत्येक वडामा विद्युत र ईन्टरनेट सेवालाई ब्यवस्थित गरिने छ ।
९१.टोल विकास संस्था गठन गर्ने नीति अनुसार बजेट विनियोजन गरिएको छ ।उपभोक्ता समितिको क्षमता अभिबृद्धि गरिने छ ।
९२.आन्तरिक लेखा नियन्त्रण प्रणाली अबलम्वन गर्दै आन्तरिक तथा अन्तिम लेखा परीक्षणसमयमै सम्मपन्न गराउदै बेरुजु फछ्यौंट कार्यलाइ प्राथमिकता दिइने छ ।

९३.सुशासन युक्त संरचनाको रूपमा गाउंपालिकालाई स्थापित गरिने छ ।

९४.संघीय सरकार र प्रदेशसरकार संगको सहकार्यमा संचालन हुने योजनाको लागि समपुरक रकमको ब्यवस्था गरिएको छ ।

९५.संघ,प्रदेश संग समन्वयको आधारमा स्थानीय सरकार संचालन हुने छ । ठूला योजनाहरु संघ र प्रदेश सरकार संगको सहभागितामा संचालन गर्ने गरी योजना माग गरिने छ ।

९६.जनप्रतिनिधिहरूलाई प्रदेश सरकारले तोके बमोजिमको सुविधा उपलब्ध गराउन बजेट विनियोजन गरिएको छ ।

९७. सामाजिक सुरक्षा भत्ता ब्यवस्थित र सरल तरिकाले बैंक मार्फत वितरण गर्न बजेटको ब्यवस्था गरिएको छ सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र **तर्फ रु.२,५०,५३,०००** (दुई करोड पचास लाख ,त्रिपन्न हजार ) विनियोजन गरिएको छ । सामाजिक सुरक्षा भत्ता केन्द्र सरकारबाट छुट्टै निककासा हुने हुदा समाबेश गरिएको छैन । बजेट तथा योजना र कार्यक्रमको विस्तृत विवरण अनुसूचीमा राखिएको छ ।

रोहिणी गाउंपालिकाको आ.ब.२०७७/०७८ को अनुमानित बजेटरु.६३,२०,५२,९१४**<u>(त्रिसठ्ठी करोड वीस लाख बाउन्न हजार नौ सय चौध)</u>**रहेको छ ।

. गाउंपालिकाको आ.ब.२०७७/०७८ को बजेटको स्रोत देहाय बमोजिम रहेको छ ।

क.आन्तरिक आय रु.६०,००,०००( साठी लाख)

ख.मालपोत राजस्व बाँडफाँड बाट रु.६०,००,०००( साठी लाख)

ग. **संघीय सरकारबाट प्राप्त रू.३९,४३,१३,९१४** <u>(उनन्चालिस करोड त्रिचालिस लाख तेह्र हजार नौ सय चौध)</u>

**घ. प्रदेशसरकारबाट प्राप्त रू.** ३,९५,८९,००० **<u>(तीन करोड पन्चानब्बे लाख उनानब्बे हजार)</u>**

**ङ. सामाजिक सुरक्षा भत्ता वापतरू.** ७,६१,५०,००० **<u>(सात करोड एकसठ्ठीलाख पचास हजार)</u>**

**च. सडकबोर्डरू.१०,००,०००<u>(दश लाख)</u>**

छ. बैंक मौजदात रु.८,००,००,०००**<u>(आठ करोड)</u>**

**च.** स्थानीय पुर्वाधार बिकास कार्यक्रम रू. ५०,००,००० (पचास लाख)

गरी जम्मा रु.६३,२०,५२,९१४**<u>(त्रिसठ्ठी करोड वीस लाख बाउन्न हजार नौ सय चौध)</u>**अनुमान गरिएको छ ।

९८. बजेट बाँडफाँडदेहायका बिषयगत क्षेत्रहरुमा देहायबमिजम गरिएको छ ।

(क) आर्थिक विकास तर्फ रु ३,०१,१५,०० (तिन करोड, एक लाख, पन्द्र हजार )

(ख) सामाजिक विकास रू ४,६७,४८,०००(चार करोड सतसठ्ठी लाख अठचालिस हजार चार)

(ग) पूर्वाधार विकास १३,७४,७२,५०० (तेह्र करोड चौहत्तर लाख बहत्तर हजार पाँच सय )

(घ) सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र रु **२,५०,५३,०००** (दुई करोड पचास लाख ,त्रिपन्न हजार )

(ङ) कार्यालय सञ्चालन तथा प्रसासनिक क्षेत्र गाउँपालिका र वडा समेत रू.८,८७,६६,३४६ (आठ करोड, सतासी लाख ,सैसठ्ठी हजार तीन सय छयालिस)।
सभाध्यक्ष महोदय,

९९.म अव यस सभामा पाचौ सभा र छैठौ सभावाट स्वीकृत भएका कार्यक्रम तथा आयोजनाहरु बिश्वमा महामरीको रुपमा फैलिएको COvid-19 त्रसित भएको बिश्व समुदाय सगं सगै यस गाँउपालीका पनि यस महामरीको जोखीममा परी रहेको हुदा गाँउ कार्यपलिकावाट संशेधन तथा रकमान्तर भएका कार्यक्रम तथा आयोजना संशोधन तथा अनुमोदनका लागी पेश गर्न चाहान्छ्रु । जसको विस्तृत विवरण अनुसूचीमा राखिएको छ ।

१००. राजस्वका दायराहरू(क्षेत्रहरू) खोज्दै फराकिलो बनाएर आन्तरिक आम्दानी बढाउदै लैजान पहल गरिने छ ।

१०१.योजना र कार्यक्रम तथा आय ब्ययको विस्तृत विवरण अनुसूचीहरूमा र विनियोजन विधेयकमा समावेश गरिएको छ ।

१०२. राजस्व तथा करका दरहरूको विस्तृत विवरण  आर्थिक ऐनमा समाबेश गरिएको छ ।

१०३. बजेटमा ब्यवस्था गरिएका योजना तथा कार्यक्रमहरू उद्देश्य अनुरूप कार्यान्वयन गरी  खुसी र सुखी रोहिणी बनाउन हाम्रा सम्पूर्ण सभाका सदस्यहरू लाग्नु हुने छ । यसमा राष्ट्र सेवक कर्मचारीहरू सदा  झै खटिनु हुने छ भन्ने अपेक्षा सहित आम  रोहिणी गाउंपालिका निवासी नागरिकहरु,राजनीतिक दल,बुद्धिजीवी समाजसेवीहरूबाट सहयोगको अपेक्षा राख्दछु ।

१०४. अन्त्यमा यस गाउँपालिकाले दिर्घकालिन सोच, उदेश्य, प्राथमिकताका साथ अघि सारेको  बार्षिक बजेटको कार्यान्वयनबाट यस गाउँपालिकालाई समृ द्ध बनाउन योगदान पुराउने कुरामा विश्वास राख्दै बार्षिक बजेट तर्जुमा गर्न सहयोग पुर्याउनुहुने सम्पुर्ण, सभाका सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीहरू, राजस्व परामर्श समितका पदाधिकारीहरू, सम्पत्ति कर निर्धारण समितिका पदाधिकारीहरू बुध्दिजिवि, समाजसेवी, शिक्षक, प्राध्यापक, राष्ट्रसेवक कर्मचारीहरू लगायत सबैलाई हार्दिक धन्यवाद दिदै बजेट तथा कार्यक्रमको सफल कार्यान्वय नगरी यस गाउँपालिकाला ई**सुखी र समृद्ध**   रोहिणी बनाउन सबैको साथ,सहयोग र सहकार्यको आशा र विश्वासका साथ  विदा माग्दछु ।

२०७७/०३/१०

धन्यवाद, जय रोहिणी।

इन्द्रमान चौधरी

वडा अध्यक्ष
एवं कार्यपालिका सदस्य

रोहिणी गाउँपालिका, रूपन्देही